# राजदूत सिफारिस सम्बन्धी मापदण्ड २०८१

राष्ट्रिय स्वतन्त्र पार्टी
केन्द्रीय कार्यालय
काठमाडौँ

## क) भूमिका:

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारको सञ्चालन लोकतन्त्रको आधारभूत मर्म अर्थात् खुला तथा पारदर्शी विधि र प्रक्रिया अनुरूप हुनुपर्नेमा विश्वास राख्दछ।

लोकतन्त्रमा जनताको विश्वास बढाउनको लागि सरकारले जवाफदेहिताको सिद्धान्त अङ्गीकार गर्दै दलगत स्वार्थबाट समेत माथि उठी व्यवहारमै उतार्न आवश्यक भएकोमा रास्वपा जोड दिन्छ।

योग्यतामा आधारित अवसरलाई प्रोत्साहित गर्न नसक्दा सक्षम नागरिकहरूमा निराशा उत्पन्न हुने र यसले राष्ट्र हितमै प्रतिकूल असर पर्ने सक्ने अवस्था प्रति सजग हुँदै राजनीतिक दलको सदस्यता नलिएका तर  योग्य व्यक्तिहरु पनि अवसरबाट विमुख हुन नपर्ने गरी विधि तय गर्न रास्वपा दृढ छ।

यहि प्रतिबद्धता अनुरुप  नेपालको प्रतिनिधित्व गर्दै मित्रराष्ट्र एवं संयुक्त राष्ट्र संघ लगायत अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संगठनहरूमा नेपालको कूटनीतिक जिम्मेवारी निर्वाह गर्न राजदूत, स्थायी प्रतिनिधि, वा विशेष प्रतिनिधिको नियुक्ति गर्ने क्रममा  राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट हुनसक्ने सिफारिस वा समन्वयका लागी वाञ्छनीय हुने व्यक्तित्वको बारेमा एउटा स्पष्ट मापदण्ड र स्तर निर्धारण गर्न आवश्यक भएकाले यो “राजदूत सिफारिस मापदण्ड २०८१” तयार पारिएको छ।

## ख) अनिवार्य योग्यता

१ नेपालको संविधान, प्रचलित कानून, तथा “राजदूत नियुक्ति सम्बन्धी निर्देशिका” ले तोकेको अनिवार्य योग्यता

- न्यूनतम ३५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक
- भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको
- विदेशी मुलुकको स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त नगरेको
- भ्रष्टाचार वा नैतिक पतनदेखि नै फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको
- नियुक्त हुने मुलुकमा कुनै प्रकारको हितबाझिने अवस्था नरहेको
- नियुक्ति हुँदाको बखत कुनै अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा कार्यरत नरहेको
- कालोसूचीमा नपरेको
- लाभको पद धारण गरी वा नगरी विदेशी राष्ट्रले नियुक्त गरेको जिम्मेवारीमा कार्यरत व्यक्ति भए सो बाट अवकाश लिएको १० वर्ष पूरा भएको

## ख) अन्य योग्यता

२ कूटनीतिक र राजनीतिक अनुभव

कूटनीतिक अनुभव: कूटनीतिक भूमिका वा अन्तर्राष्ट्रिय सम्बन्धमा उल्लेख्य अनुभव भएको। विशेषत: अन्तर्राष्ट्रिय व्यापार र अर्थशास्त्रको ज्ञान उपयोगप्रयोग गरी नेपालको व्यापारिक हित प्रवर्द्धन गर्न, लगानी आकर्षित गर्न र विकास वित्तको आर्थिक सहयोगलाई सहज उपलब्धतामा बनाउन मद्दत गर्न सक्ने।

राजनीतिक कुशाग्रता: नेपालको आन्तरिक राजनीति, परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, भू-राजनीति, र अन्तराष्ट्रिय सम्बन्धको बारे गहन ज्ञान भएको।

३ नेतृत्व क्षमता:

सम्बन्धित बिषय र जिम्मेवारीको सन्दर्भमा स्पष्ट भिजन भएको, टिमलाई सफलतापूर्वक नेतृत्व गर्न सक्ने। आपतकालीन अवस्थालाई कुशलतापूर्वक कूटनीतिक क्षमताको प्रयोग गर्दै व्यवस्थापन गर्ने क्षमता भएको। वार्तालाप तथा द्वन्द्व व्यवस्थापनमा विशिष्ट क्षमता भएको। उच्च नैतिक चरित्र भएको, इमानदारिता, पारदर्शिता र व्यक्तिगत स्वार्थभन्दा माथि नेपालको हितमा सेवा गर्न प्रतिवद्ध भएको।

कुनै संस्था, अभियान वा कम्पनीको नेतृत्व गरी राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त गरेको; वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गरेको।

४. अध्ययन, अनुसन्धान तथा विशेषज्ञता

शिक्षा: अर्थ-राजनीति, अर्थशास्त्र, कानून, सार्वजनिक नीति, अन्तर्राष्ट्रिय सम्बन्ध, समाज विज्ञान जस्ता विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको।

विशेषज्ञता: नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, भू-राजनीति लगायत गहिरो अध्ययन, अनुसन्धान गरेको। अन्तर्राष्ट्रिय दिगो विकास, व्यापार, लगानी, जलवायु परिवर्तन, पर्यटन, सञ्चार, आप्रवास वा सुरक्षा जस्ता क्षेत्रमा विशेषज्ञता हासिल गरेको।

प्रकाशन: तत्सम्बन्धी विषयमा अनुसन्धान, शोध, र विचारमूलक लेखहरू प्रकाशन गरेको।

भाषा: नेपाली र अङ्ग्रेजी दुवै भाषामा दक्षता भएको। सिफारिस हुने देशको भाषा र संस्कृतिको ज्ञान अनिवार्य नभए पनि त्यस्ता योग्यताको सकारात्मक मूल्याङ्कन हुने।

५ सार्वजनिक कूटनीति

सम्बन्ध विस्तार: विदेशी समकक्षी, सरकारी पदाधिकारी, राजनैतिक नेतृत्व, निजी क्षेत्र, सामाजिक र व्यावसायिक व्यक्तिवहरुसँग बलियो सम्बन्ध विस्तार गर्न सक्ने आधार विगतको कार्यक्षमताबाट पुष्टि भएको। अन्तर्राष्ट्रिय मञ्चहरुमा र विदेशी सरकारहरूसँग नेपालको हितको वकालत गर्ने सीप भएको।

नेपालको छवि प्रवर्द्धन हुनेगरी राष्ट्रिय धारणा तथा नीतिहरुबारे सम्वाद गर्न मिडिया र सार्वजनिक कूटनीतिका विधि तथा साधनहरुको प्रभावकारी प्रयोग गर्ने क्षमता भएको ।

गैर-आवासीय नेपालीहरुसँगको सम्वन्ध: नेपाली डायस्पोरासँग संलग्नता र उनीहरूको सरोकारलाई सम्बोधन गर्ने प्रतिबद्धता। नेपाल बाहिर रहेका नेपालीहरु र नेपालबीचको सम्बन्धलाई बलियो बनाउँदै नेपाली समुदायसँग समन्वय गर्ने र उनीहरूका समस्या समाधानमा सहजीकरण गर्ने इच्छाशक्ति भएको।

६. अन्य प्रतिबद्धता, क्षमता तथा कुशलता

दूतावासको नियमित कामको लागि रणनीतिक दृष्टिकोण विकास, श्रोत परिचालन र कार्यान्वयन गर्ने क्षमता भएको ।

सिफारिस भएको जिम्मेवारीमा नियुक्त भई कार्यकाल समाप्तिपछि पार्टीले अनुरोध गरेमा बाहेक पुनः समान प्रकृतिको भूमिकामा दोहोरिन इच्छा व्यक्त नगर्ने प्रतिबद्धता भएको।

## ग) छनोट विधि

- उम्मेदवारहरुले इच्छा जाहेर गरेको वा पार्टी सदस्य, पदाधिकारी, शुभेच्छुक एवं आम नागरिकबाट प्राप्त लिखित सिफारिस। ·
- प्राप्त व्यक्तिहरूको सुची र योग्यता लगत निर्माण ।
- सम्भावना, क्षमता र सबलतालाई आधार मानी संक्षिप्त सूची तयार।
- सूचीकृत व्यक्तिहरूसँग पार्टी सभापतिले खटाएको जिम्मेवार नेता वा नेताहरूको समूहले व्यक्तिगत छलफल।
- आवश्यकता महसुस भएको विशेष परिस्थितिमा कार्य योजना माग गरी अनौपचारिक अन्तरवार्ता।

- अन्तिम सूचीबाट योग्यता क्रमका आधारमा रास्वपा सचिवालयको अनुमोदन  पश्चात नियुक्तिको सिफारिस।
- संविधानको भावनाअनुरुप समावेशी सिद्धान्तको अनुसरण ।
- केन्द्रीय समितिलाई औपचारिक जानकारी।
- कुटनीतिक प्रक्रिया र प्रचलनबारे परराष्ट्र मन्त्रालयसँग आवश्यक समन्वय एवं सहजीकरण ।